(छ) अविकसित दाना (Immature Kernels) भन्नाले पूर्णरुपले विकसित नभएको सग्लो वा टुक्रेको चामल सम्झनु पर्छ।

(ज) सेतो दाना (Chalky Kernels) भन्नाले सग्लो चामलको तीन चौथाई भाग अपारदर्शक वा पिठो जस्तो देखिएको सग्लो वा टुक्रेको चामललाई सम्झनु पर्छ। ग्लुटिनियस (Glutenious) चामलको हकमा यो लागू हुने छैन।

(झ) रातो चामल (Red Kernels) भन्नाले सग्लो चामलको एक चौथाई भन्दा बढी भाग रातो बाह्य पत्रले ढाकेको चामल सम्झनु पर्छ।

(ञ) रातो धर्सा भएको चामल (Red streaked Kernels) भन्नाले सग्लो चामलको आधा वा सो भन्दा बढी लामो रातो धर्सा भएको चामललाई सम्झनु पर्छ।

(ट) टुक्रेको चामल (Broken Rice) भन्नाले सग्लो चामलको तीन चौथाई आकार वा सो भन्दा सानो आकारको हुनुका साथै १.४ मिलि मिटर ब्यास प्वाल भएको धातुको छान्ने (Sieve) बाट नछिर्ने चामलको टुक्रालाई सम्झनु पर्छ।

(ठ) चिप्स (Chips) भन्नाले १.४ मिलि मिटर ब्यास प्वाल भएको धातुको छान्ने (Sieve) बाट छिर्ने टुक्रिएको दानालाई सम्झनु पर्छ।"

(९) **सूचनाको प्रकरण १० पछि देहायको प्रकरण ११ र १२ थपिएका छन् :-**

११. परीरक्षी -Preservatives

परीरक्षीको परिभाषा (Definition of Preservative)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परीरक्षी भन्नाले कुनै खाद्य पदार्थमा फर्मेन्टेशन (Fermentation) वा एसिडिफिकेशन (Acidification) हुन वा अन्य कुनै किसिमले सड्ने विग्रने क्रियालाई रोक्न, दवाउन वा घटाउन प्रयोग गरिने पदार्थ सम्झनु पर्छ।

परीरक्षीको वर्गीकरण (Classification of preservatives) :

परीरक्षीलाई देहायको दुई भागमा वाँडिएको छ :-

१) पहिलो श्रेणीको परीरक्षी (Class I preservative)

पहिलो श्रेणीको परीरक्षी देहाय बमोजिम छन् :-

(क) खाने नुन (Common Salt)

(ख) चिनी (Sugar)

(ग) डेक्सट्रोज (Dextrose)

(घ) ग्लुकोज सिरप (Glucose Syrup)

(ङ) मसला पदार्थ (Spices)

(च) भिनेगर वा एसिटिक एसिड (Vinegar or Acetic Acid)

(छ) मह (Honey)

(ज) खाने तेल (Edible Vegetable Oil)

पहिलो श्रेणीको परीरक्षी सवै किसिमको खाद्य वस्तुमा प्रयोग गर्न पाइने छ।

२) द्वितिय श्रेणीको (Class II preservatives) परीरक्षी देहाय वमोजिम तोकिएका छन् :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वेन्जोइक एसिड र यसका लवणहरु (Benzoic Acid including its Salts)

(ख)सल्फरस एसिड र यसका लवणहरु (Sulphurous Acid including its Salts thereof)

(ग) सोडियम वा पोटासियम नाइट्रेट वा नाइट्राइट (Nitrates or Nitrites of Sodium or Potassium)

(घ) सर्विक एसिड र यसका सोडियम , पोटासियम र क्याल्सियम लवणहरु

(ङ) क्याल्सियम वा सोडियम प्रोपायनेट्स,ल्याक्टीक एसिड र एसिड क्याल्सीएम फस्फेट (Propionates of Calcium and Sodium)

(च) नायसिन (Nicin)

(छ) सोडियम वा क्याल्सियम प्रोपायनेट्स (Sodium or Calcium propionate)

(ज) मिथाइल वा प्रोपाइल पाराहाइड्रोक्सी वेन्जोएट (Methyl or Propyl para-hydroxy Benzoate)

(झ) प्रोपाइनिक एसिड र यसका इष्टर वा लवण समेत (Propionic acid,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) सोडियम डाइएसिटेट (Sodium Diacetae)

(ट) ल्याक्टीड एसिडका सोडियम , पोटासियम र क्याल्सियम लवणहरु (Sodium, Potassium and Salts of Lactic Acid)

द्वितिय श्रेणीको परीरक्षीको प्रयोगमा बन्देज :

द्वितिय श्रेणीको परीरक्षी देहाय बमोजिमको खाद्य पदार्थमा तोकिएको मात्रा भन्दा वढी प्रयोग गर्न वन्देज गरिएको छ। तथापि निम्न बमोजिम खाद्य वस्तुमा एक वा एक भन्दा बढी परिरक्षीको प्रयोग गर्नु परेमा निम्न वमोजिम मात्राको आधा परिमाणमा मात्र दुवै प्रयोग गर्न पाइने छ तर परि रक्षिको मात्रा उल्लेख गरिएकोमा उदाहरणमा रहेर नवढाई प्रयोग गर्नु पर्दछ।

उदाहरणका लागि देहायको सि.न.६ मा उल्लेखित खाद्य पदार्थमा सल्फर डाइअक्साइड र बेन्जोइक एसिड दुवैको प्रयोगको अनुमति दिइएकोमा दुई परीरक्षी प्रयोग गर्ने अवस्था भएमा उल्लेखित दुवै अधिकतम २० पि.पि. एम सल्फरडाइ अक्साइड १०० पि.पि.एम. वेन्जोइक एसिडको प्रयोग गर्न पाइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सि.नं	खाद्य पदार्थ (Article of food)	परीरक्षी (Preservatives)	मात्रा (पि.पि.एम.)
१.	ससेज एवं ससेज मासु (Sausage Meat Containing Raw Meat) र काचो मासु, अन्न र मसला पदार्थ ((Condiments)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	४५०
२.	फलफूल, फलको गुदी वा जुस (नसुकाएको) : जाम वा किष्ट्रालाईज ग्लेस (Crystallized Glaze) वा क्योर गरिएको फल वा अन्य पदार्थ वनाउनका लागि तयार कच्चा पदार्थ अथवा अन्य पदार्थ		
	(क) चेरीज (Cherries)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	२०००
	(ख) स्ट्रवेरीज र रासवेरीज (Strawberries and Raspberries)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	२०००
	(ग) अन्य फलफूल (Other Fruits)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	१०००
३.	वाक्लो फल रस (Fruit juice Concentrate)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	१५००
४.	सुकाइएको फल (Dried Fruits)	सल्फर डाई अक्साईड (Sulphur dioxide)	१५००
	(क) एप्रिकोट्स (Apricots) वयर (Peaches), स्याउ (Apple), नासपाती (Pears) र अन्य फल (ख) राइजिन्स (Raisins) वा सुल्तानास (Sultanas)	सल्फर डाई अक्साईड (Sulphur dioxide) सल्फर डाई अक्साईड (Sulphur dioxide)	२००० ७५०
५.	अन्य अल्कोहल रहित वाइन, स्क्वास, कसेस Crushes), फलको रस (Fruit Syrups), कर्डिएल्स (Cordials), फल रस र पानी मिसाएर प्रयोग गरिने वार्लीवाटर (Barley Water)	सल्फर डाईअक्साईड वा वेन्जोइक एसिड (Sulphurdioxide or benzoic acid)	३५० ६००
६.	जाम, मार्मालेड, प्रिजर्भ (Preserve) , क्यान्ड चेरी र फ्रुट जेली (Fruit Jelly)	सल्फर डाईअक्साईड वा वेन्जोइक एसिड (Sulphurdioxide or benzoic acid)	४० २००
७	किस्लाईज्ड ग्लेस अथवा क्योर फल (क्यान्डीड पील समेत (Crystallized Glace or Cured Fruit (Including Candied Peel)	सल्फर डाई अक्साईड (Sulphurdioxide)	१५०
८.	फल अथवा फलको गुदी (Fruit and Fruit Pulp)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	३५०
९.	ह्वाइट सुगर क्युव (White Sugar Cube), चिनी (Sugar), डेक्सट्रोज, मिश्री गुण (Jaggery), रिफाइन सुगर	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	७०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०	कर्न फ्लोर (Corn Flour) र सोही बमोजिमको स्टार्च (Starch)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१००
११	कर्न सिरप (Corn Syrup)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	४५०
१२	क्यान्ड रसवरी (क्यान, भित्रबाट सल्फरडाइ अक्साइडबाट प्रतिरोधात्मक लेक्वाइरिङ्ग गरिएको हुनु पर्ने)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१००
१३	जिलाटीन (Gelatin)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१०००
१४	वियर (Beer)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	७०
१५	साइडर (Cider)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	२००
१६	अल्कोहलिक वाइन (Alcoholic Wine)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	४५०
१७	तयारी पेय पदार्थ (Ready to Serve Beverage)	सल्फरडाइ अक्साइड वा वेन्जोइक एसिड(Sulphurdioxide or benzoic acid)	७०/१२०
१८	अदुवाको वियर (Brewed Ginger Beer)	वेन्जोइक एसिड (Benzoic acid)	१२०
१९	कफि उद्घृत (Coffee Extract)	वेन्जोइक एसिड (Benzoic acid)	४५०
२०	फल वा तरकारीबाट बनेको अचार (Pickles) र चटनी	वेन्जोइक एसिड (Benzoic acid)	२५०/१००
२१	गोलभेंडा वा अन्य सस् (Tomato or Other Sauce)	वेन्जोइक एसिड (Benzoic acid)	७५०
२२	पिकल्ड मिट र वेकन (Pickled Meat and Bacon) लन्चन मिट, कुक्ड ह्याम, क्याण्ड मिट, बट्टा बन्दी गरिएको खसीको मासु र बट्टा बन्दी गरिएको कुखुराको मासु	सोडियम नाइट्राइट अथवा पोटासियम नाइट्राइट (सोडियम नाइट्राइटको आधारमा)	२००
२३	लन्चन मिट, मासु, पकाएको मासु, क्यान गरिएको कुखुराको मासु	सोडियम अथवा पोटासियम नाइट्राइटको आधारमा	२००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४	ड्यानिस टिन्ड क्याभियर (Danish Tinned Caviar)	वेन्जोइक एसिड (Benzoic acid)	५०
२५	सुकाएको तरकारी (Dehydrated Vegetables)	सल्फरडाइ अक्साइड	२०००
२६	टोमेटो पुरी र पेष्ट (Tomato Puree and Paste)	वेन्जोइक एसिड	७५०
२७	सिरप र सर्वत	सल्फरडाइअक्साइड / वेन्जोइक एसिड	३५०/६००
२८	सुठो (Dried Ginger)	सल्फरडाइ अक्साइड (Sulphur dioxide)	२०००
२९	चिज वा प्रोसेस्ड चिज (Cheese and Processed Cheese)	सर्विक एसिड वा यसको सोडियम, पोटासियम वा क्याल्सियम लवण (सर्विक एसिडको आधारमा)	३०००
३०	फ्लोर कन्फेक्सनरी (Flour Confectionery)	सर्विक एसिड वा यसको सोडियम, पोटासियम वा क्याल्सियम लवण (सर्विक एसिडको आधारमा)	१५००
३१	स्मोक फिस (Smoked fish)	(च्यापरमा रहेको)	१५००
३२	रसवरीको सुख्खा समिश्रण (Dry Mixes of Rasogollas)	सल्फरडाइअक्साइड (Sulphurdioxide)	१००
३३	(क) सुप बट्टा बन्दी नगरिएको	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१५००
	(ख) सुख्खा सुप	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१५००
	(ग) सुकाइएको सुपको समिश्रण (Dehydrated Soup Mix)/(बट्टाबन्दी गरेको वाहेक अन्यमा प्याक गरिएको)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	१५००
३४	फलफूल तथा तरकारी, फ्लेक्स (Flakes), पाउडर (Powder) र फिग्स (Figs)	सल्फरडाइ अक्साइड (Sulphurdioxide)	६००
३५	वेकिङ्ग कार्यका लागि प्रयोग गरिने पिठो	सोडियम डाइएसिटेट अथवा प्रोपाइनेट्स अथवा मिथाइल प्रोपाइल हाइड्रोअक्सी बेन्जोएट	२५००/ ३२००/ ५००
३६	संरक्षण गरिएको चपाती (Preserved Chapatti)	सर्विक एसिड	१५००

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७	पनिर वा छेना	सर्विक एसिड वा यसको सोडियम पोटासियम अथवा क्याल्सियम लवण (सर्विक एसिडको आधारमा) वा प्रोपाइनिक एसिड वा यसको सोडियम अथवा पोटासियम सल्ट्स (प्रोपाइनिक एसिडको आधारमा)	२०००
३८	फ्याट स्प्रेड (Fat Spread)	सर्विक एसिड अथवा यसको सोडियम, पोटासियम र क्याल्सियम लवण (सर्विक एसिडको आधारमा) अथवा वेन्जोइक एसिड र यसको सोडियम अथवा पोटासियम लवण (वेन्जोइक एसिडका आधारमा) अथवा दुवै	१०००
३९	जाम, जेली, मार्मालेड, प्रिजर्भस, क्रिस्टलाइज्ड, ग्लेन्ज अथवा क्यान्डिड फल, क्यान्डिड बोक्रा समेत फ्रुट वार (Fruit Bar)	सर्विक एसिड र यसको सोडियम, पोटासियम, क्याल्सियम लवण (सर्विक एसिडको आधारमा)	५००
४०	फलरस (Concentrated Fruit Juice) एवं यसबाट जुस, नेक्टर तयारी पेय पदार्थ बनाउने प्रयोजनको तयारी पेय पदार्थ	सर्विक एसिड र यसको सोडियम, पोटासियम, क्याल्सियम लवण (सर्विक एसिडको आधारमा)	१००
४१	वाक्लो फलरस (Fruit Juice) (टिन, बोटल र पाउचमा)	सर्विक एसिड र यसको सोडियम, पोटासियम, क्याल्सियम लवण (सर्विक एसिडको आधारमा)	२००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२	नेक्टार, तयारी पेय पदार्थ बोतल वा पौंचमा औषधि पसलमा राखिएको पेय पदार्थ		
४३	प्रुन्स (Prunes)	पोटासियम सर्वेट (सर्विक एसिडको आधारमा)	१०००

नाइट्रेट वा नाइट्राइटको प्रयोगमा बन्देज

कुनै पनि नाइट्रेट र नाइट्राइट बाल आहारमा प्रयोग गर्न पाइने छैन ।

चिजको सतह प्रशोधनका लागि Natamycin को प्रयोग

Natamycin को प्रयोग चिजको (Hard Cheese) सतह प्रशोधनका लागि देहायको अवस्थामा मात्र प्रयोग गर्न पाइनेछः-

१) नाटामाइसिन बढीमा २ मि.ग्रा/डि.एम^{२} मा नबढेको हुनु पर्दछ ।

२) चिजको सतहबाट भित्र नाटामाइसिन २ मि.मि. भन्दा बढी नभएको हुनु पर्दछ ।

३) नाटामाइसिनको अवशेष प्रशोधित चिजमा १ मि.ग्रा/डिम^{२} मा नबढेको हुनु पर्दछ ।

११.०१ लन्चन मिट (Luncheon meat) :

लन्चन मिट भन्नाले खान योग्य स्तनधारी पशु वा पन्छीलाई एन्टिमोर्टम एवं पोष्टमोर्टम जाूच गरी खान योग्य मासुवाट तयार पारिएको खाद्य पदार्थलाई सम्झनु पर्छ।

माथि उल्लिखित खान योग्य मासुलाई खाने नून तथा तोकिए बमोजिम सोडियम वा पोटासियम नाइट्राइटले समान रुपमा क्यूरिङ्ग

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको हुन पर्नेछ । लन्चन मिटमा वाइण्डरहरु जस्तै : अन्नका पिठोहरु, ब्रेड, विस्कुट वा वेकरी प्रडक्टस, दुध पाउडर, व्हे पाउडर, अन्डा प्रोटिन, वनस्पतिजन्य प्रोटिन, ग्लुकोज, इन्भर्ट सुगर, डेक्स्ट्रोज, ल्याक्टोज, माल्टोज, ग्लुकोज, सिरप (कर्न सिरप समेत), मसला तथा मसलाजन्य पदार्थहरु र पानीमा घुलनशिल हाइड्रौलाइज्ड प्रोटिनहरुको समिश्रण भएको वा नभएको हुन सक्नेछ। लन्चन मिटमा प्राकृतिक वा प्राकृतिकजन्य सुगन्ध (Natural and Natural Identical Flavours) र स्वीकृत वासनाजन्य पदार्थ (Flavor Enhancer) प्रयोग गरी स्मोकिङ्ग (Smoking) गरिएको हुन सक्नेछ ।

यसमा एन्टि अक्सिड्यान्टको रुपमा एस्कर्विक एसिड, आइसो - एस्कर्विक एसिड तथा यसका सोडियम लवणहरु (सोडियम आइसो - एस्कर्वेट - एक वा समिश्रण) ५०० मि.ग्रा. प्रति के.जी.(एस्कर्विक एसिडको आधारमा) नबढाई प्रयोग गर्न सकिनेछ तथा वाटर रिटेन्सन एजेन्टको रुपमा सोडियम तथा पोटासियम मोनो र डाइपलिफस्फेट एक वा मिश्रित अवस्थामा ३००० मि.ग्रा. प्रति के.जी.मा नबढाई (फस्फरस पेन्टा अक्साइडको आधारमा) प्रयोग गर्न सकिनेछ ।

लन्चन मिटको गुणस्तर परिधि देहाय बमोजिमको हुनु पर्नेछ :-

१	(क) न्यूनतम मासुको मात्रा	९० प्रतिशतमा नघटेको ।
	(१) वाइण्डर वाहेकको लन्चन मिट	८० प्रतिशतमा नघटेको ।
	(२) वाइण्डर सहितको लन्चन मिट	
	(ख) कूल चिल्लो पदार्थको मात्रा (Total Fat Count)	
	(१) वाइण्डर वाहेकको लन्चन मिट	३० प्रतिशतमा नबढेको ।
	(२) वाइण्डर सहितको लन्चन मिट	३५ प्रतिशतमा नबढेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२ शुक्ष्म जीवाणु गणना

(१) कूल शुक्ष्म जीवाणु गणना (Total Plate Count)	१,००० प्रति ग्राममा नबढेको ।
(२) इ-कोलाई (E.coli)	अनुपस्थित प्रति २५ ग्राममा ।
(३) साल्मोनेला (Salmonella)	अनुपस्थित प्रति २५ ग्राममा ।
(४) स्टाफाइलोकोकस अरियस (Staphylococcus Aureus)	अनुपस्थित प्रति २५ ग्राममा ।
(५) क्लोस्ट्रिडियम परफ्रिन्जेन्स (Clostridium Perfringens)	अनुपस्थित प्रति २५ ग्राममा ।
(६) क्लोस्ट्रिडियम वोटुलिनम (Clostridium Botulinum)	अनुपस्थित ।

- लन्चन मिटको गुणस्तर कायम गर्नका लागि द्रवण मुद्रित भाूडामा (Hermetically Sealed) प्याक गरी ताप प्रशोधन प्रकृया पश्चात तुरुन्त चिस्याएंको हुनु पर्नेछ ।
- बट्टा बन्दी गरिएको लन्चन मिटको बट्टालाई ३५ डि.से. तापक्रममा १० दिन वा ५५ डि.से. मा ५ दिनसम्म राख्दा कुनै पनि किसिमको परिर्वतन देखिनु हुदैन ।
- लन्चन मिट सफा, स्वच्छ तथा बट्टा (Can) मा हुन सक्ने खियाको दाग वा अन्य वाह्य पदार्थ रहित हुनु पर्नेछ । यसलाई स्लाइस गर्न सकिने किसिमको हुनु पर्नेछ ।

१२ हेभि मेटल्स (Heavy Metals)

देहायका खाद्य वस्तुमा देहायका हेभि मेटल्स (Heavy Metals) देहायको परिमाण भन्दा नबढेको वा अनुपस्थित हुनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्र. सं. S N	हेभी मेटल्स (Heavy Metals)	खाद्य पदार्थ (Food commodities)	मिलिग्राम प्रति किलोग्राम (mg/kg)
१	शिशा (Lead)	(क) पेय पदार्थ (Beverages)	
		कन्सन्ट्रेटेड हलुका पेय पदार्थ (Concentrated Soft Drinks) [हलुका पेय पदार्थ बनाउनका लागि प्रयोग गरिने कन्सन्ट्रेट (Concentrates) बाहेक]	०.५
		फल रस (Fruit juice) एवं तरकारीको रस (Vegetable juice) गोलभेडाको रस समेत तर लाईम र लेमन (Lime and Lemon Juice) को रस बाहेक	१.०
		हलुका पेय पदार्थ बनाउनका लागि प्रयोग गरिने कन्सन्ट्रेट्स (Concentrates), लाईम र लेमनको रस (Lime and Lemon Juice)	२.०
		(ख) बेकींग पाउडर (Baking powder)	१० .०
		(ग) खाद्य तेल एवं घिउ (Edible Oils and Fats)	०.५
		(घ) शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant milk substitute) र शिशु आहार (Infant Food)	०.२
		(ङ) बेसार र धूलो बेसार (Turmeric Whole and Powder)	१० .०
		(च) अन्य खाद्य पदार्थ (Other Foods)	
		चिनी (Refined White Sugar) (सल्फेटेड भष्म ०.०३ प्रतिशतमा नबढेको) (Sulphated ash not exceeding 0.03%)	०.५
		आईस क्रिम (Ice Cream) आईस ललिज (Iced Lollies) लगायत फ्रोजन कन्फेक्सन्स् (Frozen Confections)	१.०
		बट्टा बन्दी गरिएका मासु, माछा (Canned Meat, Fish) र सुकाएका तरकारीहरु (Dehydrated Vegetables) प्याज बाहेक (Other than Onions)	५.०
		सबै किसिमका चिनी, सुगर सिरप (Sugar Syrup), ईन्भर्ट सुगर (Invert Sugar) (Sulphated ash not Exceeding 1.0%)	५.०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		खाद्य मोलासेस् (Edible Molasses) क्यारामेल (Caramel) अथवा स्टार्चबाट बनाएका पदार्थ (Starch Conversion Product) जसमा सल्फेटेड भष्म १.० प्रतिशतमा नबढेको (Sulphated ash not exceeding 1.0%)	५.०
		कोका पाउडर (Cocoa Powder)	.० (सुख्खा चिल्लो पदार्थ बाहेकको आधारमा)
		ईष्ट र ईष्ट जन्य पदार्थ (Yeast and Yeast Product)	५.० (सुख्खा तौलको आधारमा)
		चिया (Tea), सुकाइएको प्याज (Dehydrated Onions), सुख्खा मसला (Dried Spices), सुगन्ध (Flavorings)	१०.० (सुख्खा तौलको आधारमा)
		तरल पेक्टीन (Liquid Pectin)	१०.०
		खाद्य पदार्थमा प्रयोग हुने रंग (Food Colorings) क्यारामेल बाहेक (other than Caramel)	०.० (सुख्खा रंगको आधारमा)
		ठोस पेक्टीन (Solid pectin)	५०.०
		हार्ड ब्वाइल्ड सुगर कन्फेक्सनरी (Hard Boiled Sugar Confectionery)	२.०
		लौह स्तरोन्नती (Iron Fortified) गरिएको खाने नून (Common Salt)	२.०
		(छ) बट्टा बन्दी गरिएको मासु (Canned Meat)	२.५
		(ज) किण्वन तथा कृत्रिम तरीकाले बनाएको भिनेगार (Brewed and Synthetic Vinegar)	अनुपस्थित (Absent)
		(झ) माथि उल्लेख नगरिएका अन्य खाद्य वस्तु (Food not Specified)	२.५
२	तामा (Copper)	(क) पेय पदार्थ (Beverages)	
		हलुका पेय पदार्थ (Soft Drinks) (कन्सन्ट्रेटेड (Concentrated) र कार्वोनेटेड पानी (Carbonated Water) बाहेक)	७.०
		कार्वोनेटेड पानी (Carbonated Water)	१.५
		ताडी (Toddy)	५.०
		हलुका पेय पदार्थका लागि कन्सन्ट्रेट्स (Concentrates for Soft Drinks) (तयारी अवस्थामा)	२०.०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(ख) अन्य खाद्य वस्तु (Other Foods)	३०.०
		चिकोरी (Chicory), सुकाएको (Dried), भुटेको (Roasted), कफी दाना (Coffee beans), सुगन्ध (Flavorings),तरल पेक्टीन (Pectin liquid)	३०.०
		खाद्य रंग (Colorings)	०.० (सुख्खा रंगको आधारमा)
		खाद्य जिलाटीन (Edible Gelatin)	३०.०
		टोमाटो केचप (Tomato Ketchup)	५०.० (सुख्खा ठोस पदार्थको आधारमा)
		ईष्ट र ईष्ट जन्य पदार्थ (Yeast and Yeast Product)	६०.० (सुख्खा तौलको आधारमा)
		कोका पाउडर (Cocoa Powder)	०.० (चिल्लो पदार्थ ग्राहेकको आधारमा)
		गोलभेडाको पुरी (Tomato Puree) गोलभेडाको पेस्ट (Tomato Paste) गोलभेडाको पाउडर (Tomato Powder) गोलभेडाको रस (Tomato Juice) ककटेल (Cocktail)	००.० (सुख्खा ठोस गोलभेडाको आधारमा)
		चिया (Tea)	१५०.०
		ठोस पेक्टीन (Solid Pectin)	३००.०
		हार्ड ब्वाइल्ड सुगर कन्फेक्सनरी (Hard Boiled Sugar Confectionery)	५.०
		लौह स्तरोन्नती (Iron fortified) गरिएको खाने नून (Common Salt)	२.०
		वेसार र धूलो वेसार (Turmeric Wole and Powder)	५.०
		सुन्तला, अंगुर, स्याउ, गोलभेडा, भुई कटहर, कागतीको रस (Juice)	५.०
		सवै किसिमको फलको गुदी र यसवाट वनेका पदार्थ (Pulp and Pulp Products of any Fruit)	५.०
		शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant Milk Substitute) र शिशु आहार (Infant Food)	५.० तर २.८ भन्दा घटी नभएको
		किण्वन तथा कृत्रिम तरीकाले वनाएको भिनेगा/ (Brewed and Synthetic Vinegar)	अनुपस्थित (Absent)
		(ग) माथि उल्लेख नगरिएका अन्य खाद्य वस्तु (Foods not Specified)	३०.०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३	आर्सेनिक (Arsenic)	(क) दूध (Milk)	०.१
		(ख) पेय पदार्थ (Beverages)	
		पेय पदार्थ (Soft Drinks) (पानी मिसाएर पिउने उद्देश्यको पेय पदार्थ), कार्वोनेटेड पानी (Except Carbonated Water) बाहेक	०.५
		कार्वोनेटेड पानी (Carbonated Water)	०.२५
		शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant Milk Substitute) र शिशु आहार (Infant Food)	०.०५
		बेसार र धूलो बेसार (Turmeric Whole and Powder)	०.१
		सुन्तला, अंगुर, स्याउ, गोलभेडा, भुई कटहर, कागतीको रस (Juice)	०.२
		सबै किसिमको फलको गुदी र यसबाट बनेका पदार्थ (Pulp and Pulp Products)	०.२
		(ग) परिरक्षी (Preservatives), एण्टी अक्सीडेन्ट (Antioxidants), इमल्सिफाइङ्ग (Emulsifying) स्टाबिलाइजिंग एजेन्ट (Stablising Agents) कृत्रिम खाद्य रंग (Synthetic Food Color)	३.० (सुख्खा तौलको आधारमा)
		(घ) अन्य खाद्य पदार्थ (Other Foods)	
		आईस क्रिम (Ice Cream) आईस ललिज (Iced Lollies) लगायत फ्रोजन कन्फेक्सन्स् (Frozen Confections)	०.५
		सुकाइएको प्याज (Dehydrated Onions) खाद्य जिलाटीन (Edible Gelatin) तरल पेक्टीन (Liquid Pectin)	२.०
		चिकोरी (Chicory) सुकाएको (Dried), भुटेको (Roasted)	४.०
		मसला पदार्थ (Spices)	५.०
		ठोस पेक्टीन (Solid Pectin)	५.०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		खाद्य रंग (Food Coloring) कृत्रिम रंग बाहेक (Other than synthetic color)	५.० (सुख्खा रंगको आधारमा)
		हार्ड ब्वाइल्ड सुगर कन्फेक्सनरी (Hard Boiled Sugar Confectionery)	१.०
		लौह स्तरोन्नती (Iron fortified) गरिएको खाने नून (Common Salt)	१.०
		किण्वन तथा कृत्रिम तरिकाले बनाएको भिनेगार (Brewed and Synthetic Vinegar)	०.१
		(ङ) माथि उल्लेख नगरिएका अन्य खाद्य वस्तु (Foods not Specified)	१.१
४	टीन (Tin)	(क) प्रशोधित बट्टा बन्दी खाद्य पदार्थ (Processed Canned Products)	२५०.०
		कन्सन्ट्रेटेड चिनी पाक कन्फेक्सनरी (Hard Boiled Sugar Confectionery)	५.०
		जाम, जेली, मार्मलेड (Jam, Jelly, Marmalade)	२५०.०
		सुन्तला, अंगुर, स्याउ, गोलभेडा, भुई कटहर, कागतीको रस (Juice)	२५०.०
		सबै किसिमको फलको गुदी र यसबाट बनेका पदार्थ (Pulp and Pulp Products)	२५०.०
		शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant Milk Substitute) र शिशु आहार (Infant Food)	५.०
		बेसार र धूलो बेसार (Turmeric Whole and Powder	अनुपस्थित (Absent)
		बट्टा बन्दी गरिएका मासु (Canned Meat)	२५०.०
		(ख) माथि उल्लेख नगरिएका अन्य खाद्य वस्तु (Foods not Specified)	२५०.०
५	जिंक (Zinc)	(क) तयारी पेय पदार्थ (Ready to Serve Beverages)	५.०
		सुन्तला, अंगुर, गोलभेडा, भुई कटहर, कागतीको रस (Juice)	५.०
		सबै किसिमको फलको गुदी र यसबाट बनेका पदार्थ (Pulp and Pulp Products of any Fruits)	५.०
		शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant Milk Substitute) र शिशु आहार (Infant Food)	५०.० तर २५.० भन्दा घटी नभएको
		(ख) खाद्य जिलाटीन (Edible Gelatin)	१००.०
		(ग) बेसार र धूलो बेसार (Turmeric Whole and	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(घ) हार्ड व्वाइल्ड सुगर कन्फेक्सनरी (Hard Boiled Sugar Confectionery)	५.०
		(ङ) माथि उल्लेख नगरिएका अन्य खाद्य वस्तु (Foods not Specified)	५०.०
६.	क्याड्मियम (Cadmimum)	(क) शिशु दुग्ध आहार प्रतिस्थापन गर्ने खाद्य वस्तु (Infant Substitute) र शिशु आहार (Infant Food)	०.१
		(ख) बेसार र धूलो बेसा/ (Turmeric Whole and Powder)	०.१
		(ग) अन्य खाद्य वस्तु (Other Foods)	१.५
७	पारो (Mercury)	(क) माछा (Fish)	०.५
		(ख) अन्य खाद्य वस्तु (Other Foods)	१.०
८	मिथायल मर्करीको आधारमा पारो (Mercury as Methyl Mercury Calculated as Element)	सबै खाद्य वस्तु (All Foods)	०.२५
९	क्रोमियम (Chromium)	प्रशोधित चिनी (Refined Sugar)	०.०२
१०	निकेल (Nickel)	हाइड्रोजेनेसन (Hydrogenation) वा आंशिक हाइड्रोजेनेसन (Partially Hydrogenation), गरिएको वनस्पती तेल र घिउ (Vegetable Oil and Fats), वेकरी मार्गारीन (Bakery Margarine), औद्योगिक मार्गारीन (Industrial Margarine), वेकरी सर्टेनींग (Bakery Shortening), आंशिक हाइड्रोजेनेसन गरिएको भटमासको तेल (Partially Hydrogenated Soyabean Oil)	१.५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देहायका हेभी मेटल्स तोकिएको मात्रा भन्दा नवढेको हुनु पर्नेछ :-

शिशा (Lead) :०.५ मि.ग्रा. प्रति किलोग्राममा नवढेको

टीन (Tin) :

(१) टिन प्लेटेट वट्टामा

प्याक गरिएको अवस्थामा-२०० मि.ग्रा. प्रति किलोग्राममा नवढेको

(२) टिन प्लेटेट वाहेक अन्य वट्टामा

प्याक गरिएको अवस्थामा - ५० मि.ग्रा. प्रति किलोग्राममा नवढेको

द्रष्टव्य: लन्चन मिटको लेवलमा खाद्य नियमावली अनुरुप आवश्यक विवरणहरु उल्लेख भएको हुनु पर्नेछ ।

(१०) सूचनाको प्रकरण ०७ को संकेत नम्बर ०७.०१ खाद्यान्न (Food Grain) को क्रम संख्या (ख) झिकिएको छ ।

आज्ञाले,
नाथु प्रसाद चौधरी
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।